**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं,मुकाम पुल्चोक ललितपुर**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**फैसला**

२०७७/०७८ सालको निर्णय नं. २३

पुनरावेदन नं. : ०७५-RB-०२२४

पुनरावेदन दर्ता मिति : २०७५।११।०७

| | |
|---|---|
| का.जि.का.म.न.पा. वडा नं. ४ स्थित सेराजेम हेल्थ केयर प्रा.लि.को अख्तियार प्राप्त संचालक समितिका अध्यक्ष पंकज पोद्दार....................................................................१ | पुनरावेदक |
| **विरुद्ध** | |
| आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ हाल आन्तरिक राजस्व कार्यालय टंगाल..........................................................................................१ | प्रत्यर्थी |
| आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ.............................................१ | |

**<u>मुद्दाः अग्रिम करकट्टी (आ.व.२०७२/०७३)</u>**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री शरद प्रसाद कोईराला

प्रत्यर्थी कार्यालयका तर्फबाट :विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ काठमाडौं

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक सुमन दाहाल

शुरु कार्यालयको निर्णय मितिः–२०७५।०३।२९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने पदाधिकारी : महानिर्देशक विष्णुप्रसाद नेपाल

कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय मितिः–२०७५।०८।२४

पुनरावेदक सेराजेम हेल्थ केयर प्रा.लि.का हकमा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ काठमाडौंबाट मिति २०७५।०३।२९ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट शुरु कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. करदाता सेराजेम हेल्थ केयर प्रा.लि. को आ.व.२०७२/०७३ को अग्रिम कर कट्टी परीक्षण हुँदा यस आ.व. को वासलात तथा नाफा नोक्सान हिसाबमा **Sales Commission / Incentive** मा रु. ४,७६,८०,०८२।६९ खर्च कट्टी दाबी गरेकोमा उक्त खर्च रकममा आयकर ऐन,२०५८ (सं.स.) को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतले हुन आउने अग्रिम आयकर रु.७१,५२,०१२।०० कट्टी गरी दाखिला गर्नुपर्नेमा रु.१३,७४,२७१।०० मात्र दाखिला गरेको देखिन आएको हुँदा घटी अग्रिम कर र शुल्कसमेत जम्मा रु.१,०३,९९,९३३।०० दाखिला गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने भए आधार र कारण सहित पन्ध्र दिन भित्र जवाफ पेश गर्न साविक आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ काठमाडौंबाट करदाता सेराजेम हेल्थ केयर प्रा.लि.लाई मिति २०७५।०३।१४ मा गरिएको पत्राचार।

२. साविक आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ काठमाडौंबाट मिति २०७५।०३।१४ मा जारी भएको आदेश करदाताले मिति २०७५।०३।१५ मा बुझी लिएको मिसिलबाट देखिन्छ।

३. आयकर ऐन,२०५८ को दफा ८८(१)(४) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ । त्यस्तै गरी आयकर ऐन,२०५८ को दफा २ (क) र आयकर निर्देशिका २०६६ (दोस्रो संसोधन २०७३ सहित) को परिच्छेद २ परिभाषाहरु अन्तरगत परिच्छेद २.२ को परिभाषा (क) को व्याख्या बमोजिम सेवा शुल्क भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवा बापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले कमिशन, बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा

शुल्कलाई समेत जनाउछ भनी परिभाषित गरेको र मु.अ.कर मा दर्ता भएका वासिन्दा व्यापार प्रवर्धन सेवाका लागि नियुक्त एजेन्टलाई कमिशन भुक्तानी गर्दा मू.अ.कर विजक प्राप्त गरेको अवस्थामा १.५ प्रतिशत भुक्तानी कर कट्टी गर्ने कार्य स्थापित अभ्यास भएकोले मु.अ.कर बापत बिजकमा राजस्व वापत १३ प्रतिशत थप मू.अ.कर भुक्तानी हुने र भुक्तानीमा कर कट्टी १.५ प्रतिशत हुने देखिन्छ। अन्यथा १३ प्रतिशत मू.अ.कर तथा १५ प्रतिशत भुक्तानीमा कर कट्टी गरी जम्मा २८ प्रतिशत करको भार पर्ने देखिन्छ जुन आयकर ऐन र निर्देशिकाको मर्म बमोजिम नदेखिएकोले मू.अ.कर जारी गरेको कमिशन (सेवा शुल्क अन्तरगत) को विजकमा भुक्तानीमा कर कट्टी १.५ प्रतिशत मात्र कायम हुनुपर्ने भन्ने समेत बेहोराको करदाता सेराजेम हेल्थ केयर प्रा.लि.का तर्फबाट साविक आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ काठमाडौंमा मिति २०७५।०३।२९ मा पेश भएको लिखित जवाफ।

४. प्रस्तुत करदाताले सामान पैठारी गरी विक्री गर्ने कार्य गर्ने भएकोले करदाताको कारोवार सेवा व्यवसाय प्रकृतिको नभई व्यापार व्यवसाय प्रकृतिको भएको। सेवा शुल्क र विक्री कमिशन अलग-अलग विषय भएको। सेवा शुल्क प्राप्त हुने आधार विक्री कमिशन प्राप्त गर्ने आधार पनि फरक-फरक हुन्छन्। करदाताले विक्री कमिशन तोकिएको विक्री लक्ष्य पूरा गरी सकेपछि मात्र प्राप्त गर्न सक्ने हुँदा सेवा शुल्क र विक्री कमिशनलाई समान रुपमा हेर्नु र व्यवहार गर्नु न्यायसंगत हुने देखिदैंन। कुनैपनि कारोवार गरी सकेपछी कुन-कुन ऐनको आधारमा जम्मा कति प्रतिशत कर लाग्छ भन्ने भन्दा पनि तोकिएको ऐन नियमको आधारमा करको पालना भयो कि भएन र तोकिए बमोजिम अग्रिम कर कट्टी गर्यो कि गरेन भन्ने मुख्य विषय हो। यहाँ कति प्रतिशत करको भार पुग्छ भन्ने विवादको विषय होइन। विक्री कमिशनको सम्बन्धमा आयकर ऐन, २०५८(सं.स.) को दफा ८८ को उपदफा (१) मा स्पष्ट व्यवस्था गरेको छ। उक्त दफामा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री, वोनस, अवकास भुक्तानी र अन्य कुनै प्रतिफलको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको। यस व्यवस्था अनुसार यदि विक्रीमा प्राप्त हुने कमिशन वा विक्री वोनस सेवा शुल्क अन्तर्गत पर्ने भएमा ऐनमा कमिशन, विक्री वोनसमा १५ प्रतिशतले अग्रिम कर कट्टी गर्न पर्ने भनी अलग्गै व्यवस्था हुने थिएन। तसर्थ आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) अनुसार विक्री कमिशन र इन्सेन्टिभमा १५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने भएकोले सोहि बमोजिम अग्रिम कर कट्टी निर्धारण गरी अग्रिम कर गणना गरी माग गर्नू भन्ने साविक आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ काठमाडौंको मिति २०७५।०३।२९ को निर्णय।

५. साविक आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ काठमाडौंले मिति २०७५।०३।२९ मा जारी गरेको आ.व. २०७२/०७३ को अग्रिम कर तर्फको कर निर्धारण आदेशमा चित्त नबुझाई करदाता सेराजेम हेल्थ केयर प्रा.लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०६।०४ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. निवेदकको निवेदन, कार्यालयको प्रतिक्रिया एवम् मिसिल संलग्न कागजातको अध्ययन गर्दा साविक आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ काठमाडौंको मिति २०७५।०३।२९ को निर्णय र सो बमोजिम जारी अग्रिम कर कट्टी आदेश कानून सम्मत एवम् तथ्यपूर्ण रहेको देखिंदा निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भनी मिति २०७५।०८।२४ मा आन्तरिक राजस्व विभाग प्रशासकीय पुनरावलोकनबाट भएको निर्णय।

७. साविक आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ काठमाडौं र आन्तरिक राजस्व विभागबाट आयकर ऐन,२०५८ ले गरेको व्यवस्था, कम्पनीले पेश गरेको प्रमाण विपरीत निर्णय भएको र पूर्व फैसला प्रतिकूल निर्णय भएको, कानूनको गलत व्याख्या भएको, विक्री प्रतिनिधि मू.अ.करमा दर्ता भएको र प्रत्यर्थीले सेवा शुल्क भन्ने शब्दावलीको आधारमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने निर्णय गरेको। ऐनमा प्रयुक्त शब्दकै आधारमा १५ प्रतिशत करकट्टी हुने निरपेक्ष व्यवस्था दफा ८८(१) होइन। उपरोक्त सेवा शुल्क मू.अ.कर मा दर्ता भएको व्यक्तिको सापेक्षतामा करकट्टी हुने हो। यसतर्फ कुनै विवेचना र विचार नगरि तथा न्यायिक विवेक प्रयोग नगरी भएको निर्णय ने.का.प.२०६३ नि.नं.७७३० पृ.८७१ मा प्रतिपादित सिद्धान्त प्रतिकुल रहेकोले उक्त निर्णय बदर गरी माग गरिएको अग्रिम कर, शुल्क र ब्याजको दायित्वबाट मुक्त हुने गरी निर्णय गरी पाउँ भन्नेसमेत जिकिर लिई करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।११।०७ मा दर्ता भएको पुनरावेदन पत्र।

## ठहर खण्ड

८. नियम बमोजिम पेसी सूचिमा चढी निर्णयार्थ यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहितको मिसिल एवं आन्तरिक राजस्व कार्यालय तथा आन्तरिक राजस्व विभाग समेतबाट प्राप्त भएको मिसिल अध्ययन गरी पुनरावेदक करदाता सेराजेम हेल्थ केयर प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री शरद प्रसाद कोइरालाले शुरु कर कार्यालयबाट यसै विषयसँग सम्बन्धित यसै राजस्व न्यायधिकरण तथा सर्वोच्च अदालतबाट भएको फैसलाको प्रतिकूल हुने गरी पूर्वाग्रही तवरबाट करदाताले आफ्ना Sales Agent लाई Commission on Sales वापत दिएको भुक्तानी रकममा १५ प्रतिशतका दरले करकट्टी हुने गरी गरेको निर्णय र सो निर्णयलाई समर्थन हुने गरी आन्तरिक राजस्व विभाग समेतबाट भएको

निर्णय त्रुटिपूर्ण हुदाँ उक्त निर्णय बदर गरी कानून बमोजिम लाग्ने १.५ प्रतिशतका दरले अग्रिम करकट्टी गरी पाउँ भनि तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले विक्री कमिशनको सम्बन्धमा आयकर ऐन,२०५८ को दफा ८८(१) ले निर्दिष्ट गरेको प्रावधान बमोजिम करदाताको हकमा विक्री कमिशन र इन्सेन्टिभमा १५ प्रतिशत अग्रिम करकट्टी गर्ने गरी प्रत्यर्थी कार्यालयहरुबाट भएको निर्णय कानून बमोजिमको नै भएको हुँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो ।

९. पुनरावेदन करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा प्रत्यर्थी कार्यालयहरुबाट करदाताले आफ्ना सेल्स ऐजेण्ट व्यक्तिहरुलाई भुक्तानी गरेको कमिसनमा १५ प्रतिशत अग्रिम करकट्टी गर्ने गरी भएको निर्णय मिलेको छ वा छैन? पुनरावेदक करदाताले १.५ प्रतिशतकका दरले मात्र अग्रिम कर कट्टी हुनुपर्ने भनी लिएको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

१०. अव निर्णयतर्फ बिचार गर्दा शुरु कर कार्यालयबाट स्वयंकर विवरणमा उल्लेख भएको रकमलाई मान्यता नदिई Sales Agent लाई भुक्तानी गरेको रकममा अग्रीमकर कट्टीको हकमा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. ३ बाट मिति २०७५।०३।२९ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।०८।२४ को निर्णय उल्टी गरी सेवा शुल्कमा करदाताले गरेको करकट्टी नै कायम गरी पाउँ भन्ने नै करदाताको मुख्य पुनरावेदन दावी रहेको देखिन्छ।

११. उल्लेखित श्रोतमा करकट्टी गर्ने सम्बन्धमा भएको मौजुदा कानूनी प्रावधानलाई मध्यनजर गर्दा आयकर ऐन,२०५८ को दफा ८८(१) मा "............व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाँडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री वोनस, अवकाश भुक्तानी र अन्य कुनै रकम भक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने भन्ने उल्लेख भएकोमा सोही दफाको प्रतिबन्धात्मक वाक्यांश.........." तर देहायको भुक्तानीमा देहायका दरले करकट्टी गर्नुपर्ने छ भनी उल्लेख गरेको देखिन्छ। उक्त वाक्यांशको खण्ड (४) मा "मूल्य अभिवृद्धिकरमा दर्ता भएको सेवा प्रदायक वासिन्दाका व्यक्ति वा मूल्य अभिवृद्धिकर छुटको कारोवार गर्ने वासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको १.५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१२. साथै प्रस्तुत विषयसँग सम्बन्धित यिनै पुनरावेदक तथा यिनै प्रत्यर्थीबिच सम्मानित सर्वोच्च अदालतमा चलेको ०७४-**RB**-०३६ आ.व.२०७०।०७१ को आयकर मुद्दामा मिति

२०७६।०५।१६ मा भएको फैसला तथा यसै राजस्व न्यायधिकरणमा चलेको आ.व. २०७४।०७५ सालको निर्णय नं.३१७ पुनरावेदन नं. ९७-०७४-०१०० मुद्दा अग्रिम करकट्टी (२०७१।०७२) मिति २०७५।०२।०६ मा भएको फैसला तथा आ.व. २०७२।०७३ सालको निर्णय नं. ११९ पुनरावेदन नं. ९७-०७२-००८१ मुद्दा आयकर(२०७०।०७१) मिति २०७३।०३।२१ मा भएको फैसलामा समेत मूल्य अभिवृद्धि करमा दर्ता भएको Sales Agent को कमिशनको हकमा १५ प्रतिशतका दरले अग्रिम करकट्टी हुने गरी आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ को निर्णय मिलेको नदेखिएको हुँदा पुनरावेदन जिकिर बमोजिम नै हुने गरी कमिशनमा १.५ प्रतिशत मात्र अग्रिम करकट्टी हुनुपर्ने भनी फैसला समेत भएको देखिन्छ। यस परिप्रेक्षमा पुनरावेदक करदाताले Sales Agent लाई भुक्तानी गरेको कमिशन वापत १.५ प्रतिशत मात्र करकट्टी हुनुपर्ने भन्ने गरेको जिकिर लाई अन्यथा भन्न मिल्ने देखिदैन।

१३. तसर्थ माथि उल्लेखित आधार कारण एवं यसै विषयसँग सम्बन्धित सम्मानित सर्वोच्च अदालत तथा यसै राजस्व न्यायधिकरणबाट समेत भएको पूर्ववत फैसला समेतबट सेराजेम हेल्थ केयर नेपाल प्रा.लि.ले मूल्य अभिवृद्धि करमा दर्ता भएको Sales Agent व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा १.५ प्रतिशतका दरले मात्र अग्रिम करकट्टी हुनुपर्नेमा १५ प्रतिशत अग्रिम करकट्टी गर्ने गरी भएको आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ को मिति २०७५।०३।२९ को निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।०८।२४ मा भएको निर्णय मिलेको नदेखिदा उल्टी हुने ठहर्छ। अरुमा तपसील बमोजिम गर्नू।

**तपसील खण्ड**

- माथि ठहर खण्डमा उल्लेख भए बमोजिम आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ बाट भएको निर्णय तथा उक्त निर्णयलाई समर्थन हुने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय मिलेको नदेखिदा उल्टी हुने ठहरी पुनरावेदकले Sales Agent व्यक्तिलाई भुक्तानी गरेको कमिसनमा १.५ प्रतिशतका दरले अग्रिम करकट्टी हुने गरी फैसला भएकोले पुनरावेदक करदाताको धरौटी रकम सोही बमोजिम हिसाव गरी फिर्ता दिनु वा अर्को कर अवधिको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयमा लेखि पठाइदिनू..... १
- प्रस्तुत फैसलाको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू.......२
- नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू..............................३

- फैसलाको विधुतिय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू..................................४

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u> प्रमोद रिजाल (शाखा अधिकृत)
<u>टिपोटमा सहयोग गर्नेः-</u> डिठ्ठा मनोज फूयल

इति सम्वत् २०७७ साल पौष महिना २३ गते रोज ५ शुभम् ..............